**काठमाडौं महानगरपालिकाको २३ औं दिवशका उपलक्ष्यमा आयोजित यस कार्यक्रममा उपस्थित उपप्रमुख, नगर कार्यपालिका तथा नगर सभाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न संघ संस्था तथा निकायहरूबाट प्रतिनिधित्व गरि पाल्नुभएका महानुभावहरू, पत्रकार मित्रहरु तथा उपस्थित कर्मचारी साथीहरु ।**

काठमाडौं महानगरपालिका, नेपालको पहिलो महानगरपालिकाका रुपमा घोषणा भएको २३ औं बर्ष प्रवेशको सुखद अवसरमा सर्वप्रथम सम्पूर्ण महानगरवासीमा हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

संवत् १९७६ पौष २ गते स्थापना गरिएको सफाई अड्डाको विकसित संरचना संवत् २०५२ साल मंसिर २९ गतेको घोषणाबाट काठमाडौं महानगरपालिका भएको हो । काठमाडौंको भुगोल, संस्कृति र सम्पदा विश्वमा अद्धितीय मानिन्छ । देशको प्रमुख शासन तथा प्रशासनको केन्द्रको रुपमा समेत काठमाडौंले आफ्नो पहिचान बनाएको छ । विदेशीले समेत काठमाडौंलाई हेरेर तथा बुझेर नेपालको समग्र धारणा बनाउने गरेकाले पनि काठमाडौं मुलुककै प्रतिकका रुपमा स्थापित भएको छ ।

नेपाली जनताको चाहना तथा बलिदानीबाट प्राप्त राजनैतिक उपलब्धीलाई संस्थागत गर्दै जनप्रतिनिधिबाट निर्माण गरिएको नेपालको संविधान कार्यान्वयनको क्रममा रहेको छ । संवैधानिक ब्यवस्था बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको मार्गमा अगाडि बढ्ने सन्दर्भमा स्थानीय, प्रदेश र संघीय गरी तीनतहकै निर्वाचन सम्पन्न भईसकेको छ । निर्वाचनपश्चात स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएको छ । अन्य आवश्यक कानूनको अभाव हुँदाहुँदै पनि महानगरवासी र महानगरपालिकाको हितहुने गरि काठमाडौं महानगरपालिकाले स्थानीय सरकारको रुपमा आफ्नो कार्य प्रारम्भ गरेको छ । संविधानले स्थानीय सरकारको रुपमा व्यवस्था गरेको प्रावधानहरुलाई संर्कीण पार्ने गरी

कानूनहरु जारी नहोस भन्ने कुरामा स्थानीय सरकारहरु चनाखो हुनुपर्ने देखिन्छ ।

विगत लामो समयदेखि कायम रहेको राजनैतिक संक्रमण, जनप्रतिनिधिविहिनता लगायतका कारण अपेक्षित गतिलिन नसकेको अवस्थालाई अन्त्य गरि विकास प्रक्रियालाई सुचारु गर्नुपर्ने दायित्व छ । त्यस्तै काठमाडौं महानगरपालिकामा फोहोरमैला व्यवस्थापन, ट्राफिक व्यवस्थापन, शहरी स्वास्थ्य, शिक्षा, खानेपानी, शहरी पुर्वाधार विकास एवं आधुनिक सहरी सेवाको विकास गर्नुपर्ने छ । जनस्तरमा रहेको उच्च अपेक्षा र चाहनाको सम्वोधन गर्नु हाम्रो जिम्मेवारी एवं दायित्व हो । स्वच्छ, स्वस्थ एवं समृद्ध काठमाडौं महानगर निर्माण गर्ने यस महाअभियानमा सम्पूर्ण महानगरवासी, राजनैतिक दल, निजी क्षेत्र एवं संबद्ध सरकारी निकायहरुलाई हार्दिक आह्वान गर्दै निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

नयाँ संविधान कार्यान्वयनका लागि कानूनी व्यवस्था एवं संरचनागत परिवर्तनका कार्य भईरहेको वर्तमान संक्रमणकालिन अवस्थामा जनताबीच गरिएका प्रतिवद्धता र घोषणा एवं कार्यक्रमहरु सम्पादन गर्ने कार्य त्यत्ति सहज **छैन । यस्तो** परिस्थितिमा पनि महानगरपालिकाले केही महत्वपूर्ण कार्यको थालनी गरेको छ ।

जनप्रतिनिधि वहाल भएपश्चातको कार्याबधिमा हामीले नगर सभाबाट आर्थिक बर्ष २०७४।०७५ को नीति, कार्यक्रम, बजेट पारित गर्दै आर्थिक ऐन, २०७४ र बिनियोजन ऐन, २०७४ जारी गरयौं । सहरी योजना प्रक्रियालाई संस्थागत तवरले अगाडि बढाउनका लागि सहरी योजना आयोग गठनका लागि कानून निर्माण गरिएको छ । यसैगरी महानगरलाई स्वच्छ र स्वस्थ सहर बनाउने उद्देश्यले Clean the City र Green the City कार्यक्रम अभियानकै रुपमा प्रत्येक वडास्तरमा ब्यापक जनसहभागिता जुटाई सञ्चालन गरिएको छ । यो अभियानको प्रारम्भमा सार्बजनिक स्थलमा फालिएका फोहर संकलन गरी अन्तिम ब्यवस्थापन गर्ने

कार्यलाई तिब्रताका साथ सम्पादन गरिएकोमा हाल सो अभियान अन्तरगत फोहर उत्पादन स्थलबाट सार्वजनिक स्थानमा नफाली सिधै फोहर उठाउने गाडीमा संकलन गर्ने गरिएको, सडकमा रहेको धुलो उठाउने तथा पखाल्ने, सडक किनारा तथा ट्राफिक आईल्याण्डहरुमा हरियाली प्रवर्द्धन गर्ने कार्यलाई थप प्रभावकारी बनाउँदै लगिएको छ । निर्वाचनमा ब्यक्त प्रतिबद्धता कार्यान्वयन गर्ने सिलसिलामा, ८८ बर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई बार्षिक रु.१२००० महानगर भत्ता उपलब्ध गराई उहाँहरुको सु-स्वास्थ्य एवं दीर्घायुको कामना गर्दै घरघरमा दक्ष चिकित्सक सहितको स्वास्थ्य परीक्षण सेवा नियमित उपलब्ध गराएका छौ । यसै गरी सडकको दुरावस्था अन्त्यका लागि सरोकारवाला निकायहरुसंग सार्थक पहलकदमी भईरहेको छ । महानगरपालिकाको क्षेत्राधिकार भित्रको ८ मि. चौडासम्मको सडक निर्माण, मर्मत संभार कार्यलाई द्रुतगतिमा सञ्चालनमा ल्याइएको छ । कार्यालय भवनको व्यवस्थापनको लागि बागदरवारस्थित हरीभवन मर्मत योग्य नभएकोले भत्काएर नयां भवन निर्माण गर्ने प्रक्रिया अघि बढीसकेको छ । काष्ठमण्डप, रानीपोखरी समेतका सम्पदाहरुको पुनर्निर्माण जस्ताकार्य द्रुतगतिमा अघी बढाउन आवश्यक कार्य एवं संस्थागत व्यवस्था मिलाइएको छ । भुकम्प पीडितलाई शतप्रतिशत नक्सापास दस्तुर छुट एवं प्राबिधिक सहयोग उपलब्ध गराईएको छ ।

विधुतीय शासनलाई प्रवर्द्धन गर्ने क्रममा भवन इजाजत प्रक्रियालाई स्वचालित बनाउने गरि भवन निर्माण ईजाजतमा Digital Signature system को उपयोग आजैबाट सुरुवात गरिएको छ । यस अन्तर्गत आगामि बैसाख १ गतेदेखि भवन ईजाजत प्रक्रियालाई पूर्णरुपमा स्वचालित बनाईने छ । सार्वजनिक स्थलहरुलाई "फ्रि वाईफाइ" जोन कायम गर्ने क्रममा प्रथम चरणमा सवै वडा कार्यालय भवनहरुमा "फ्रि वाईफाई" सेवाको शुभारम्भ गरिएको छ । यस क्रममा हालसम्म राष्ट्रिय सभागृह, केन्द्रीय कार्यालय भवन, वडा ६, ७, ८, ९, ११, १२, १३, १६, २१, २६ र ३२ कार्यालयहरुमा "फ्रि वाईफाई" सेवा सञ्चालनमा आइसकेको छ ।

महानगरवासिलाई स्वस्थ र निरोगी बनाउन जनचेतनामुलक एवं प्रवर्द्धनात्मक स्वास्थ्य सेवाहरु प्रदान गर्नु महानगरपालिकाको दायित्व हो । यस क्रममा धुम्रपान तथा सुर्तिजन्य पदार्थको सेवनबाट हुनसक्ने जोखिम न्यूनीकरणका लागि **ब्लुम्बर्ग फिलानट्रोपिज तथा भाईटल स्ट्राटेजि** संस्थाको आर्थिक सहयोगमा महानगरलाई **धुम्रपान तथा सुर्तिजन्य पदार्थमुक्त शहर (Tobacco Free City)** घोषणा गर्ने कार्यक्रम आजबाट प्रारम्भ गरिएको छ । यस कार्यक्रम अन्तर्गत तिब्र अनुगमन, जनचेतनामूलक कार्यक्रमको आयोजना, जनचेतनामूलक सन्देशको प्रकाशन तथा प्रशारणजस्ता कार्यक्रमहरु सघन रुपमा सञ्चालन गरि आगामि १८ महिनाभित्र यो अभियान सम्पन्न गरिनेछ ।

शहरी यातायातलाई व्यवस्थित गर्न साझा यातायात सहकारी संस्थाको थप रु. ५ करोडको शेयर खरिद गर्दै आगामी दिनमा यस कार्यमा उपत्यकाका अन्य नगरपालिकासंगको सहकार्यका लागि पहलकदमी अगाडि बढाईएको छ । प्रबिधियुक्त, बातावरणमैत्री, आधुनिक र विश्वसनीय यातायात सेवाको लागि मोनोरेल, सिटी केवलकार जस्ता Mass Transport लाई प्राथमिकता दिदै सोका लागि सरोकारवाला निकाय र संलग्न लगानीकर्ताबीच गहन छलफल भईरहेको छ । यसैगरी उपत्यकाको सवारी साधनको पार्किङ व्यवस्थापनको लागि Digital Car Parking को संभाब्य लगानीकर्ताहरुसंग छलफल गरी वार्तालाई तिब्रता दिईएको छ । हाल काठमाडौं महानगरपालिकाको स्वामित्वमा रहेको धर्मपथस्थित न्युरोडको जग्गा र टेकुमा Vertical Car Parking परियोजना अगाडी बढाउने योजना रहेको छ ।

काठमाडौं महानगरपालिकाबाट सम्पादन हुदै आएका विकास निर्माणका कार्यहरु तथा प्रवाह हुँदै आएका सेवाको प्रभावकारिताको लागि गुणस्तरियता, बिश्वसनीयता, पारदर्शिता, जवाफदेहीता, सहभागिता, सरलता सहित सेवाप्रवाहमा जनताको पहुँच वृद्धिगर्ने एवं वडा समितिबाट

कुशल नेतृत्व प्रदान गर्ने कार्य हुँदै आएको छ । यस कार्यलाई भावि दिनमा अझ बढी प्रभावकारी, सुशासनयुक्त एवं सेवामुखी बनाईने छ ।

हामीप्रति प्रगाढ विश्वास र धैर्यता देखाई  काठमाडौं महानगरपालिकासंग सहकार्य र विश्वास गर्नुहुने सम्पुर्ण महानगरवासी एवं संघसंस्थाका प्रतिनिधि एवं संबद्ध सरकारी, गैह्रसरकारी निकायहरु, जनप्रतिनिधि साथीहरु, संचारकर्मी एवं महानगरपालिकाका कर्मचारीहरुलाई धन्यवाद दिदै आगामी दिनमा स्वस्थ, सुन्दर, संबृद्ध, जिवन्त र आधुनिक महानगर बनाउने अभियानमा महानगरवासी लगायत संबद्ध सबै निकाय एवं ब्यक्तिहरुबाट निरन्तर सहयोग, समर्थन, सहकार्य र सुझावहरु प्राप्त भईरहनेछ भन्ने अपेक्षा गर्दछु । काठमाडौं महानगरपालिकाको विकास, निर्माण र सेवाप्रवाहमा प्रत्यक्ष तथा अप्रत्यक्ष  योगदान गर्नुहुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२९ मंसिर, २०७४

विद्यासुन्दर शाक्य
प्रमुख